# माछापुच्छ्रे गाउँपालिका
## Machhapuchchhre Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

पत्र संख्या
Letter No.:
चलानी नं.
Dispatch No.:

लाहाचोक, कास्की
Lahachowk, Kaski
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal


मिति : २०८०।०९।१५ गते

## विज्ञप्ति

माछापुच्छ्रे गाउँपालिकाको क्षेत्रभित्र पर्ने अन्नपूर्ण संरक्षण क्षेत्रको मर्दि हिमाल पदमार्गमा पर्यटन सूचना संकलन एवं व्यवस्थापन, विपद व्यवस्थापन, संरक्षणमैत्री पर्यटन पूर्वाधार निर्माण, पर्यटन सेवा शुल्क संकलन लगायत पर्यटनसंग सम्बन्धित बिभिन्न कार्यहरुलाई एकिकृत रुपमा सञ्चालन गर्ने उद्धेश्यले नेपाल पर्यटन बोर्ड समेतको सहयोगमा हुमाल (LOW CAMP) भन्ने ठाउँमा २०८० साल कार्तिक महिनामा विधिवत स्थापना गरी सञ्चालनमा आएको पर्यटन सूचना संकलन केन्द्र तथा पर्यटन सेवा शुल्क संकलन केन्द्रमा यहि २०८० पुष १५ गतेका दिन गाउँपालिकाको क्षेत्रभित्र पर्ने संरक्षित क्षेत्रको सार्वजनिक क्षेत्रमा होटल सञ्चालन गरिरहेका केही ब्यक्तिहरुबाट अवरोध सिर्जना गरी कामकाजमा बाधा पुर्याएको घटनाप्रति माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ। नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार संचालन ऐन,२०७४, आर्थिक ऐन,२०८० र प्रचलित नियम कानूनको अधिनमा रहेर गाउँ पालिकाको बृहत्तर हितलाई ध्यानमा राखि गाउँ सभाले गरेको निर्णयानुसार सञ्चालित कार्यमा अवरोध सिर्जना गर्नु संविधान, नियम र कानूनको ठाडो उल्लंघन हो। कानूनी उपचारको उचित बाटो नलिई स्थानीय सरकारले नियमानुसार सञ्चालन गरेको कार्यमा अवरोध गर्ने निहित स्वार्थले प्रेरित ब्यक्ति वा समुहलाई सार्वजनिक संरचनाको तोडफोड गर्दा सजायको भागिदार हुनु पर्ने ब्यहोरा स्मरण गराउँदै यस्ता कार्यहरु नगर्नु नगराउनु हुन जानकारी गराइन्छ।

गणेश आचार्य
प्रवक्ता